राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ०१ २०८३ साउन १ गते शुक्रवार (17 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## प्रकाशकीय.............

## विश्वासको यात्रामा आठौँ वर्ष

आर्थिक संकट, विज्ञापन बजारको संकुचन, डिजिटल माध्यमको तीव्र विस्तार र राज्यको नीतिगत उपेक्षाजस्ता अनेक चुनौतीका बीच समाचार दैनिक जनकपुर सात वर्ष सफलतापूर्वक पूरा गरी आज आठौँ वर्षमा प्रवेश गरेको छ। यो केवल एउटा पत्रिकाको वार्षिकोत्सव होइन, सत्य, विश्वसनीयता र उत्तरदायी पत्रकारिताप्रति पाठकले देखाएको विश्वासको उत्सव पनि हो।

सूचना प्रविधिको तीव्र विकाससँगै समाचार उपभोग गर्ने माध्यम र शैलीमा व्यापक परिवर्तन आएको छ। आज समाचार पोर्टल, सामाजिक सञ्जाल, युट्युब र अन्य डिजिटल प्लेटफर्महरूले सूचनाको गति अभूतपूर्व बनाएका छन्। यसले प्रिन्ट मिडियासामु स्वाभाविक रूपमा चुनौती थपेको छ। तर सूचना छिटो प्राप्त हुनु र विश्वसनीय सूचना प्राप्त हुनु एउटै कुरा होइन। यही कारण आज पनि तथ्यमा आधारित, सम्पादकीय उत्तरदायित्व बोकेको र प्रमाणित समाचारका लागि प्रिन्ट मिडियाप्रतिको जनविश्वास कायम छ।

नेपालमा २०७६ सालको कोरोना महामारीपछि सुरु भएको आर्थिक मन्दी अझै पूर्ण रूपमा हट्न सकेको छैन। मधेश प्रदेशजस्ता औद्योगिक आधार कमजोर भएका क्षेत्रमा यसको असर झन् गहिरो छ। व्यापार(व्यवसाय सुस्त छ, निजी क्षेत्रको विज्ञापन घटेको छ, उद्योग(कलकारखानाको अभावले स्थानीय अर्थतन्त्र चलायमान हुन सकेको छैन। त्यसमाथि स्थानीय तह र सरकारी निकायका विज्ञापनसमेत अधिकांश अवस्थामा केन्द्रीय सञ्चारमाध्यमतर्फ केन्द्रित हुने प्रवृत्तिले स्थानीय पत्रपत्रिकाको अस्तित्व नै संकटमा पारेको छ। यस्ता विषम परिस्थितिमा पनि निरन्तर प्रकाशन हुनु आफैंमा पत्रकारिताप्रतिको प्रतिबद्धताको प्रमाण हो।

लोकतन्त्र र संघीयताको स्थापना तथा सुदृढीकरणमा स्थानीय सञ्चारमाध्यमको योगदान अस्वीकार गर्न सकिँदैन। जनताको आवाजलाई राज्यसम्म पुर्‍याउने, स्थानीय मुद्दालाई राष्ट्रिय बहसमा ल्याउने र जनप्रतिनिधिलाई जवाफदेही बनाउने काममा स्थानीय मिडियाले अग्रपङ्क्तिमा उभिएर भूमिका निर्वाह गरेका छन्। तर विडम्बना, लोकतन्त्रको चौथो अङ्ग भनिने सञ्चार क्षेत्रप्रति राज्यको व्यवहार भने अपेक्षित रूपमा जिम्मेवार देखिएको छैन। स्वतन्त्र प्रेसलाई सशक्त बनाउनु लोकतान्त्रिक शासनको आधारभूत दायित्व हो, तर व्यवहारमा सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने नीतिहरू नै हावी भएका छन्।

सञ्चारमाध्यमको मुख्य आर्थिक आधार विज्ञापन हो। विज्ञापनबिना कुनै पनि सञ्चार संस्था दीर्घकालसम्म टिक्न सक्दैन। यस्तो अवस्थामा सरकारी विज्ञापन वितरणमा लगाइएका प्रतिबन्ध र विभेदपूर्ण अभ्यासले विशेषगरी स्थानीय तथा प्रिन्ट मिडियालाई गम्भीर संकटमा धकेलेको छ। आर्थिक स्रोतबाट वञ्चित गर्दै स्वतन्त्र पत्रकारिताको अपेक्षा गर्नु व्यवहारिक पनि होइन र लोकतान्त्रिक मूल्यसँग पनि मेल खाँदैन। प्रेस स्वतन्त्रताको संरक्षण केवल कानुनी अधिकारको सुनिश्चितताबाट मात्र सम्भव हुँदैन, त्यसका लागि समान अवसर र निष्पक्ष आर्थिक वातावरण पनि अपरिहार्य हुन्छ।

यद्यपि चुनौतीका बीच पनि हाम्रो विश्वास डगमगाएको छैन। समाचार दैनिक जनकपुरले विगत सात वर्षदेखि सत्य, निष्पक्षता र जनसरोकारका विषयलाई केन्द्रमा राख्दै पत्रकारितालाई आफ्नो धर्म ठानेर अघि बढेको छ। यही प्रतिबद्धताका कारण हामी आज आठौँ वर्षको यात्रामा उभिएका छौँ। यो उपलब्धि कुनै एक संस्था वा व्यक्तिको मात्र होइन; हाम्रा पाठक, विज्ञापनदाता, शुभेच्छुक, लेखक, संवाददाता र सम्पूर्ण सहयोगीहरूको साझा विश्वास र साथको परिणाम हो।

अब राज्यले पनि स्थानीय सञ्चारमाध्यमको महत्वलाई व्यवहारमा स्वीकार्नुपर्छ। स्थानीय मिडियालाई कमजोर बनाएर लोकतन्त्र बलियो बन्न सक्दैन। सशक्त, स्वतन्त्र र आर्थिक रूपमा सक्षम सञ्चारमाध्यम नै सुशासन, पारदर्शिता र उत्तरदायी लोकतन्त्रको आधार हुन्।

आठौँ वर्षमा प्रवेशको यस ऐतिहासिक अवसरमा हामी सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभेच्छुक र सहयोगीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। आगामी दिनमा पनि सत्य, विश्वसनीय र जनपक्षीय पत्रकारिताप्रतिको हाम्रो प्रतिबद्धता अझ दृढ रहने विश्वास दिलाउँदै यहाँहरूको निरन्तर साथ, विश्वास र सद्भावको अपेक्षा गर्दछौँ।

**ललिता दास**
प्रकाशक

# मधेशमा कांग्रेस नेतृत्वको सरकार यथावत् रहने

दैनिक समाचारदाता

जनकपुरधाम, ३२ असार। मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिइने भएको छ। अन्य प्रदेशमा कांग्रेस(एमाले गठबन्धनमा फेरबदलको चर्चा भइरहे पनि त्यसको असर तत्काल मधेश प्रदेशमा नपर्ने सत्तारूढ दलका नेताहरूले बताएका छन्।

मधेश प्रदेशमा नेपाली कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा कांग्रेस, नेकपा (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सम्मिलित गठबन्धन सरकार सञ्चालनमा छ।

कांग्रेसको केन्द्रीय निर्णयपछि अन्य प्रदेशमा राजनीतिक समीकरण परिवर्तनको चर्चा चलिरहेका बेला मधेशमा भने गठबन्धनका तीन दलका नेताहरूले सरकारलाई निरन्तरता दिने विषयमा छलफल गरेका छन्। मुख्यमन्त्री



कृष्णप्रसाद यादव, नेकपा (एमाले) संसदीय दलका नेता सरोजकुमार यादव तथा अर्थमन्त्री एवं नेकपा संसदीय दलका नेता युवराज भट्टराईबीच यस विषयमा बैठक भएको हो। गत १२ जेठमा मन्त्रिपरिषद् विस्तारअघि तीन दलबीच चुनावसम्म सरकारलाई निरन्तरता दिने लगायतका १५ बुँदे सहमति भएको थियो।

एमाले संसदीय दलका नेता सरोजकुमार यादवले प्रदेशस्तरमा गठबन्धन दलहरूबीच कुनै विवाद नरहेको भन्दै सरकारबाट बाहिरिने वा समर्थन फिर्ता लिने कुनै योजना नरहेको बताए।

उनले भने, "प्रदेशस्तरमा तीन दलबीच कुनै समस्या छैन। संघीय लोकतान्त्रिक गणतन्त्रमा केन्द्रमा जे हुन्छ, त्यही प्रदेशमा पनि हुनुपर्छ भन्ने मान्यता हाम्रो होइन। विगतमा पनि केन्द्र र प्रदेशमा फरक(फरक गठबन्धनको अभ्यास भइसकेको छ। त्यसैले यो गठबन्धन चुनावसम्म कायम रहनेछ।"

अर्थमन्त्री युवराज भट्टराईले पनि हालै प्रदेशको बजेट सर्वसम्मत रूपमा पारित भएको उल्लेख गर्दै सरकारलाई स्थिर रूपमा अघि बढाउने विषयमा सहमति भएको बताए।

उनले भने, "मधेश प्रदेश सरकार विशिष्ट राजनीतिक परिस्थितिमा बनेको हो। यसको संरचना अन्य प्रदेशभन्दा फरक छ। त्यसैले अन्य प्रदेशको राजनीतिक हावाले मधेश सरकारलाई असर गर्दैन।"

गत १९ मंसिरमा नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा (माओवादी केन्द्र), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नेकपा (एकीकृत समाजवादी) सहित ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा कृष्णप्रसाद यादव मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त भएका थिए।

## पूर्वसांसद लक्ष्मी महतो कोइरी थुनामुक्त



दैनिक समाचारदाता

जनकपुरधाम, ३२ असार। नेकपा (एमाले)का पूर्वसांसद लक्ष्मी महतो कोइरी थुनामुक्त भएका छन्।

बन्दी प्रत्यक्षीकरण रिटमाथिको सुनुवाइ गर्दै सर्वोच्च अदालतले कोइरीलाई तत्काल थुनामुक्त गर्न आदेश दिएपछि उनी कारागारबाट रिहा भएका हुन्। न्यायाधीशद्वय श्रीकान्त पौडेल र कुमार रेग्मीको संयुक्त इजलासले कोइरीलाई थुनामुक्त गर्न आदेश जारी गरेको हो।

थमनविक हत्या प्रकरणमा उच्च अदालत जनकपुरले कोइरीलाई पाँच वर्ष कैद सजाय सुनाएको थियो। उक्त फैसला भएको भोलिपल्टै उनलाई पक्राउ गरी जलेश्वर कारागार पठाइएको थियो।

सर्वोच्च अदालतले गत १९ असार मा जारी गरिएको कैदी पुर्जी कानुनसम्मत नरहेको ठहर गर्दै उनलाई थुनामुक्त गर्न आदेश दिएको हो।

# साउन १ देखि सरकारी कर्मचारीको तलब २१ प्रतिशतसम्म बढ्ने

दैनिक समाचारदाता

काठमाडौं, ३२ असार। सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत घोषणा गरेको निजामती तथा सार्वजनिक सेवाका कर्मचारीको तलब वृद्धि साउन १ गतेदेखि कार्यान्वयनमा आउने भएको छ।

बजेटअनुसार कर्मचारीको आधारभूत तलब १० प्रतिशतले वृद्धि गरिएको छ। साथै, कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणाली लागू गर्दै नयाँ तलबमानको १० प्रतिशत बराबर प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ। यससँगै कर्मचारीको कुल पारिश्रमिक करिब २१ प्रतिशतसम्म वृद्धि हुने भएको छ।



हाल ७७ हजार २११ रुपैयाँ आधारभूत तलब पाउँदै आएका मुख्यसचिवको तलब बढेर ८४ हजार ९३२ रुपैयाँ पुगेको छ। यसमा १० प्रतिशत प्रोत्साहन भत्ता र यथावत् महँगी भत्ता जोड्दा मासिक कुल पारिश्रमिक ९८ हजार ४२५ रुपैयाँ पुग्नेछ। यसअनुसार मुख्यसचिवको आधारभूत तलब करिब ७ हजार ७ सय रुपैयाँले वृद्धि भएको छ भने सचिवको तलब पनि करिब ७ हजार रुपैयाँले बढेको छ।

सबैभन्दा तल्लो तहका कार्यालय सहायकको आधारभूत तलब २७ हजार ६११ रुपैयाँबाट बढेर ३० हजार ३७२ रुपैयाँ पुगेको छ। उनीहरूले यसअघि पाउँदै आएको ५ हजार रुपैयाँ महँगी भत्ता यथावत् पाउनेछन् भने करिब ३ हजार रुपैयाँ प्रोत्साहन भत्ता पनि थप हुनेछ। यससँगै उनीहरूको मासिक कुल पारिश्रमिक करिब ३८ हजार ४०९ रुपैयाँ पुग्नेछ।

अवकाशप्राप्त कर्मचारीको पेन्सन भने आधारभूत तलबमा भएको वृद्धिको दुईतिहाइका आधारमा समायोजन हुनेछ। यसअनुसार पूर्वमुख्यसचिवहरूको मासिक पेन्सन करिब ५ हजार रुपैयाँले बढ्नेछ भने अन्य अवकाशप्राप्त कर्मचारीको पेन्सन उनीहरूको सेवा अवधि र तलब स्केलअनुसार समायोजन हुनेछ।

सरकारले पछिल्लोपटक आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत कर्मचारीको तलब १५ प्रतिशतले बढाएको थियो। त्यसयता तीन वर्षसम्म तलब वृद्धि भएको थिएन। गत वर्ष भने सरकारले मुख्यसचिवदेखि कार्यालय सहायकसम्म सबै कर्मचारीलाई मासिक ५ हजार रुपैयाँ महँगी भत्ता उपलब्ध गराएको थियो।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, सामुदायिक विद्यालयका शिक्षक तथा सार्वजनिक संस्थानका कर्मचारीको तलब पनि निजामती सेवाकै अनुपातमा

*बाँकी पृष्ठ ३मा*



## सम्पादकीय

# कृषि प्रदेश बनाउने लगानी गर सरकार

मधेश प्रदेश नेपालको अन्नभण्डारका रूपमा परिचित छ । उर्वर भूमि, प्रशस्त कृषि योग्य क्षेत्र, अनुकूल हावापानी र मेहनती कृषक समुदाय हुँदाहुँदै पनि प्रदेशको अर्थतन्त्रले अपेक्षित गति लिन सकेको छैन । खेतीपातीमा निर्भर ठूलो जनसंख्या आज पनि न्यून उत्पादन, बजारको अभाव, सिँचाइ समस्या, आधुनिक प्रविधिको कमी र सरकारी उपेक्षाका कारण कठिन जीवन बिताइरहेको छ । यही यथार्थका बीच सार्वजनिक भएको एक सर्वेक्षणले मधेशलाई कृषि प्रदेशका रूपमा घोषणा गरी कृषि क्षेत्रमा राज्यले प्राथमिकताका साथ लगानी गर्नुपर्ने जनचाहना स्पष्ट रूपमा उजागर गरेको छ ।

पुकार एशियाले गरेको 'आर्थिक अवसर, रोजगारी र लगानी' सम्बन्धी सर्वेक्षणमा करिब ७८ प्रतिशत उत्तरदाताले मधेशलाई कृषि प्रदेशका रूपमा विकास गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । यो कुनै सामान्य तथ्याङ्क होइन, बरु प्रदेशको विकासको दिशाबारे जनताको स्पष्ट सन्देश हो। कृषि नै मधेशको प्राकृतिक र आर्थिक आधार भएकाले त्यसलाई प्रदेशको विकास रणनीतिको केन्द्रमा राख्नुपर्ने आवश्यकता यसले औंल्याएको छ ।

सर्वेक्षणले अर्को गम्भीर यथार्थ पनि उजागर गरेको छ। ९२ प्रतिशत उत्तरदाताले पर्याप्त रोजगारीको अभावका कारण युवा विदेशिन बाध्य भएको बताएका छन्। अझ ४७ प्रतिशतले कृषिको व्यवसायीकरणमार्फत रोजगारी सिर्जना गर्नुपर्ने धारणा राखेका छन्। यसले कृषि केवल खाद्यान्न उत्पादनको माध्यम मात्र नभई रोजगारी, उद्यमशीलता र आर्थिक समृद्धिको प्रमुख आधार बन्न सक्ने संकेत गर्दछ।

विरोधाभास के छ भने अधिकांश नागरिकले कृषिलाई अर्थतन्त्रको मेरुदण्ड माने पनि कृषिबाट जीविकोपार्जन गर्न सबैभन्दा बढी कठिनाइ रहेको अनुभव गरेका छन्। यसले कृषि क्षेत्रमा नीतिगत कमजोरी, पर्याप्त लगानीको अभाव, उत्पादन लागत वृद्धि, बजार व्यवस्थापनको कमजोरी तथा मूल्य सुनिश्चितताको अभावलाई स्पष्ट संकेत गर्छ। किसानले उत्पादन त गर्छन्, तर उचित मूल्य, भण्डारण, प्रशोधन र बजारको पहुँच नपाउँदा कृषि पेशाप्रति आकर्षण घट्दै गएको छ।

मधेशलाई कृषि प्रदेश घोषणा गर्नु मात्र पर्याप्त हुँदैन। त्यससँगै सिँचाइ विस्तार, आधुनिक कृषि प्रविधि, गुणस्तरीय बीउबिजन, कृषि बीमा, सहुलियतपूर्ण ऋण, प्रशोधन उद्योग, चिस्यान केन्द्र, कृषि बजार तथा मूल्य सुनिश्चितता जस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय गर्दै कृषि उत्पादनलाई उद्योग, व्यापार र निर्यातसँग जोड्ने दीर्घकालीन योजना आवश्यक छ । यदि मधेशको कृषि आधुनिकीकरण र व्यवसायीकरण गर्न सकियो भने युवालाई स्वदेशमै रोजगारी सिर्जना हुनेछ, आयातमा निर्भरता घट्नेछ र प्रदेशको अर्थतन्त्र बलियो बन्नेछ। त्यसैले मधेशलाई कृषि प्रदेशका रूपमा विकास गर्ने माग कुनै भावनात्मक नारा होइन, प्रदेशको आर्थिक भविष्यसँग जोडिएको व्यावहारिक आवश्यकता हो। अब सरकारले जनमतलाई सम्मान गर्दै कृषि क्षेत्रमा प्राथमिकताका साथ लगानी बढाउने साहसिक निर्णय लिनु आवश्यक छ । कृषिको समृद्धिबाट नै मधेशको समृद्धि सम्भव छ, र मधेश समृद्ध भए नेपालको समग्र अर्थतन्त्र पनि थप सबल बन्नेछ ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# नेपाली चियामा भारतको अमिलो मन !



विदुरचन्द्र लामिछाने

भारत सरकारले आयातीत चियाको परीक्षण सम्बन्धी व्यवस्थामा संशोधन गर्दै सीमा नाकामा चियाको २० प्रतिशत कन्टेनरको र्‍यान्डम नमूना परीक्षणका आधारमा प्रवेश दिने निर्णय गर्‍यो।

यसपछि लगभग दुई महिनादेखि समस्यामा रहेका नेपाली चिया उद्योग तथा बगानहरूले पुनः एक पटक केही राहत महसुस गरे।

भारतको खाद्य सुरक्षा तथा मापदण्ड प्राधिकरणले त्यहाँको सेन्ट्रल बोर्ड अफ एक्साइज एन्ड कस्टम्सलाई असार ९ गते लेखेको पत्रअनुसार अब भारतमै खपतका लागि आयात हुने चियाको २० प्रतिशत नमूना जोखिममा आधारित परीक्षणका लागि छनोट गरिने व्यवस्था लागू गरिएको समाचारहरूमा उल्लेख छ। अब नयाँ व्यवस्था अनुसार भारतका सबै भन्सार नाकामा चिया परीक्षण गरिनेछ।

भारतीय वाणिज्य सचिवको अध्यक्षतामा असार २ गते बसेको बैठकले घरेलु उपभोगका लागि आयात गरिने चियामा जोखिमका आधारमा परीक्षण गर्ने निर्णय गरेको बताइएको छ। सोही निर्णय अनुसार नयाँ व्यवस्था लागू गरिएको जनाइएको छ। लामो संघर्षपछि पुनः एक पटक नेपाली उद्योगी तथा किसानले राहतको महसुस गर्न पाए, तर कहिलेसम्म?

अर्बौंको लगानी र अर्बौंको निर्यात हुने तथा हजारौं किसान प्रत्यक्ष जोडिएको यो उद्योग यसरी कहिलेसम्म अस्थिरतामा रहिरहने?

के हामी भारतले सहज व्यवहार गरेको अवस्थामा निर्यात गर्ने र अप्ठ्यारो परिस्थिति सिर्जना गरेको बेलामा रोइकराइ मात्र बस्ने? कि यसको दीर्घकालीन समाधानतर्फ पनि सोचेर काम गर्ने? यी प्रश्न सरकार, उद्योगहरू र नीतिनिर्माता सबैका लागि! करिब दुई महिना पूर्वका झापा र इलामका दर्जनौं चिया उद्योग र चिया बगानहरू ठूलो तनावमा रहे। चियाको हरियो बगानभित्र सयौं मानिसहरू चिया बोक्ने थुन्से पछाडि भिरेर चिया टिप्न व्यस्त हुने बेला बगानहरू सुनसान भए।

निर्यातमा राम्रै योगदान दिएको चिया उद्योगमा कालो बादल मडारिरहेको प्रत्यक्ष महसुस गर्न सकिन्थ्यो। चिया उद्योग बन्द हुँदा उद्योगहरूलाई आर्थिक नोक्सानी त छँदै थियो, चिया बगानमै आश्रित सामान्य नागरिकको चुह्लो बल्न छाडेको थियो। त्यसैबाट सम्पूर्ण रूपमा बाँच्नुपर्नेहरूको अन्य आर्थिक पाटोहरूको हालत के थियो होला? चिया क्षेत्रको संकट, उद्योगको मात्र समस्या होइन, हजारौं परिवारको जीवनसँग जोडिएको मानवीय संकट पनि हो। हामीले यति संवेदनशील क्षेत्रलाई सधैं यस्तै अस्थिर राख्ने कि तेस्रो मुलुकका बजारमा पनि चिया निर्यातका लागि पहल गर्ने? हाम्रा चिया उद्योगहरूको आर्थिक पाटो हेरौं।

चिया उद्योगीहरूका अनुसार नेपालबाट वार्षिक सवा चार अर्ब रूपैयाँको तयारी चिया निर्यात हुन्छ। बर्सेनि नेपालबाट ६० देखि ७० लाख किलोभन्दा बढी अर्थोडक्स तयारी चिया निर्यात हुन्छ। यसको ९० प्रतिशतभन्दा धेरै भारत जान्छ। बाँकी चिया अमेरिका सहित केही युरोपियन देशमा जान्छ। अर्थोडक्स चिया इलाम, पाँचथर र धनकुटालगायत जिल्लामा उत्पादन हुन्छ। वार्षिक २ करोड २० लाख किलो सिटिसी चिया उत्पादन हुने गरेकोमा १ करोड किलो भारतमै बिक्री भएको तथ्यांक छ।

नेपालका १८ जिल्लामा करिब २० हजार हेक्टर क्षेत्रफलमा चिया खेती भइरहेको छ। यस क्षेत्रमा १५ हजारभन्दा बढी साना किसान चिया उत्पादनमा संलग्न छन्। प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब ६० हजार जना मानिस चिया उद्योगसँग आबद्ध छन्।

भारतीय अवरोधका कारण ठूलो परिमाणमा तयारी चिया सीमामा रोकिँदा उद्योगहरूमा मौज्दात बढ्यो। नगद प्रवाहमा समस्या आयो। हजारौं किसान, श्रमिक र उद्यमी प्रत्यक्ष मारमा परे।

फर्स्ट फ्लस (वर्षभरकै गुणस्तरीय पत्ती) कै बेला भएको व्यवधानबाट एकातिर स्टकमा भएको चिया बेच्न पाएनन् भने बगानमा टिप्ने बेला भएका मुनाहरू समेत त्यसै बुढा भए।

भारतमा हुने नेपालको निर्यातको अंश भनेको भारतको आफ्नै उत्पादनको एक प्रतिशतको हाराहारी मात्र हो।

चिया उद्योगमा समस्या आएपछि, समस्या समाधान गर्न अनेक कोणबाट सरकारमा दबाब दिइयो। संसदमा कुरा उठ्यो। सांसदहरूको डेलिगेसन गयो। चिया उद्योगीहरूका छाता संस्थाहरूले सरकारलाई समस्या समाधानमा अग्रसरता लिन दबाब दिए। निजी क्षेत्रको छाता संस्था एफएनसिसिआईले पनि सरकारका परराष्ट्रमन्त्री शिशिर खनाललाई भेटेरै कूटनीतिक माध्यमबाट समस्या समाधानमा पहल गर्न आग्रह गर्‍यो।

यसबीच सरकारले चिया निर्यातमा देखापरेको समस्या समाधानका लागि समिति पनि गठन गर्‍यो। बन्द रहेका उद्योगहरू सञ्चालन गर्न स्थानीय तहमा चिया उद्योगी र स्थानीय निकायबीच तीनबुँदे समझदारी भएपछि उद्योग तथा बगानहरू खोल्ने सहमति पनि भयो।

र, महिनौंदेखि उद्योग बगान बन्द रहेका उद्योगीहरूमा केही राहत भयो। यसअघिका सबै तनाव बिर्सिएर उद्योगीहरू सामान्य अवस्थातर्फ उन्मुख भए। आखिर भारतीय पक्षबाट नेपाली चिया उद्योगमाथि यस प्रकारका व्यवधान बारम्बार किन खडा गरिन्छ त?

यसलाई मिहिन ढंगले बुझ्न विगत केही वर्षदेखि भारतले नेपाली चियाको निर्यातमा रोक लगाउन गरेको प्रयासहरू हेरौं।

भारतीय चिया बोर्ड र दार्जिलिङ टी एसोसिएसन (डिटिए) का दस्तावेजहरू, भारतीय सञ्चार माध्यममा विभिन्न समयमा प्रकाशित समाचारहरू लगायत स्रोतका आधारमा के भन्न सकिन्छ भने, सन् २०१९ देखि नै कुनै न कुनै बहानामा भारतले नेपाली चियामा प्रतिबन्ध लगाउन प्रयासहरू गरेको देखिन्छ।

नेपाली चियामाथि भारतीय गैरभन्सार अवरोधका शृंखलाहरू देहाय अनुसार चलेको क्रमशः देख्न सकिन्छ।

भारतीय बजारमा नेपाली चियाको उपस्थिति उल्लेखनीय रूपमा बढ्न थालेपछि विशेषगरी दार्जिलिङ चिया उद्योगले त्यसलाई प्रतिस्पर्धात्मक चुनौतीका रूपमा हेर्न थाल्यो।

सन् २०१७ मा दार्जिलिङ क्षेत्रमा भएको लामो आन्दोलनका कारण त्यहाँको उत्पादन र आपूर्ति प्रभावित भएपछि नेपाली चियाले भारतीय बजारमा ठूलो हिस्सा ओगट्न सफल भयो।

लगभग २०० वर्षअघि ब्रिटिस कालमै रोपिएका दार्जिलिङ चियाको गुणस्तरको तुलनामा करिब ५० वर्षअघि मात्र रोपिएका नेपाली चियाको गुणस्तर निकै माथिल्लो स्तरको भएपछि उनीहरूले नेपाली चियालाई चुनौतीको रूपमा लिन थाले।

त्यसपछि भारतीय उद्योगीहरूबाट नेपाली चियाले दार्जिलिङ चियाको मूल्य र बजारमा दबाब सिर्जना गरेको गुनासो सार्वजनिक रूपमा आउन थाल्यो। सन् २०१९ मा यो विषय पहिलो पटक औपचारिक रूपमा नीतिगत बहसको केन्द्रमा आयो। डिटिएले भारत सरकारसमक्ष नेपालबाट आयात हुने चियामा कडा नियमन लागू गर्न माग गर्दै श्रीलंकाली मोडलजस्तै आयात अनुमति प्रणाली लागू गर्नुपर्ने प्रस्ताव राख्यो।

उद्योगीहरूको तर्क थियो – नेपाली चिया भारतमा भित्रिएर दार्जिलिङ चियासँग मिसाइन्छ र पुनः ब्रान्डिङ हुन्छ। जसले दार्जिलिङ चियाको अन्तर्राष्ट्रिय प्रतिष्ठामा असर पारेको छ।

सन् २०२२ देखि २०२५ सम्म भारतीय चिया उद्योगका विभिन्न संगठनहरूले नेपालबाट आउने चियामाथि थप निगरानी, स्रोत प्रमाणीकरण तथा गुणस्तर परीक्षणको माग निरन्तर तीव्र बनाए। विशेषगरी दार्जिलिङ क्षेत्रका उत्पादकहरूले नेपाली चिया सस्तो भएकाले भारतीय बजारमा मूल्य संरचना बिग्रिएको र दार्जिलिङको भौगोलिक संकेत (जिआई) को प्रतिष्ठा जोखिममा परेको दाबी गरे। यस अवधिमा भारत सरकारमाथि नियमन कडा बनाउन उद्योग क्षेत्रको दबाब निरन्तर बढ्यो।

सोही दबाबको परिणाम स्वरूप भारतको संसदीय वाणिज्य सम्बन्धी स्थायी समितिले सन् २०२५ मा सार्वजनिक गरेको १९४ औं प्रतिवेदनमा आयातीत चियाको अनिवार्य परीक्षण, स्रोत पहिचान, लेबलिङ तथा निगरानी प्रणाली कडा बनाउन सिफारिस गर्‍यो। यद्यपि प्रतिवेदनले नेपालको नाम किटान गरेको थिएन, तर त्यसको मुख्य पृष्ठभूमि नेपालबाट बढ्दो चिया आयात रहेको कुरा भारतीय सञ्चार माध्यम र उद्योग क्षेत्रका अभिव्यक्तिबाट स्पष्ट देखिन्थ्यो। त्यसपछि सन् २०२५ नोभेम्बर र डिसेम्बरमा भारतीय चिया बोर्डले आयातीत चियाको परीक्षणका लागि प्रयोगशाला तथा परीक्षण निकायहरू नियुक्त गर्ने प्रक्रिया अघि बढायो। र, अवैध तथा अनियन्त्रित आयात नियन्त्रण गर्न नयाँ मानक सञ्चालन प्रक्रिया (स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर-एसओपी) ल्याउने घोषणा गर्‍यो।

यसलाई नेपाली चिया उद्योगले निकट भविष्यमै नेपाली चिया उद्योगहरूमा आउन सक्ने गैरभन्सार अवरोधको संकेतका रूपमा लिएका थिए। त्यसैको निरन्तरता स्वरूप गत सन् २०२६ फेब्रुअरी १० मा भारतीय चिया बोर्डले निर्देशन नम्बर ०१/२०२६ जारी गर्दै आयातीत चियाको प्रत्येक खेपबाट नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्नुपर्ने व्यवस्था गर्‍यो। सो निर्देशन अनुसार भारतमा प्रवेश गर्ने सबै आयातीत चियाले गुणस्तर परीक्षण पास गरेपछि मात्र बजारमा प्रवेश पाउने व्यवस्था गरियो। यही दस्तावेजलाई नेपाली चियामाथिको औपचारिक गैरभन्सार अवरोधको सुरूआत भएको मानिन्छ।

नयाँ निर्देशिका अनुसार प्रत्येक खेपको ढुवानीबाट चियाको नमुना लिएर प्रयोगशालाबाट परीक्षणमा पास भएपछि मात्र निर्यात गर्न पाइने, प्रति परीक्षण बराबर निर्यातकर्ताहरूले जिएसटी सहित ठूलो रकम तिर्नुपर्ने, प्रयोगशालाले १४ दिनभित्र परीक्षणको नतिजा उपलब्ध गराउनुपर्ने, त्यो १४ दिनसम्म गोदाममा राख्दा लाग्ने शुल्क निर्यात गर्न चाहनेले नै तिर्नुपर्ने जस्ता कठिन प्रावधान निर्देशिकामा समेटिएका थिए।

त्यसैगरी यदि पहिलो परीक्षण फेल भयो भने ४८ घन्टाभित्र दोस्रो परीक्षण गराउन पहिलो पटकको भन्दा बढी शुल्क र जिएसटी तिर्नुपर्ने र प्रयोगशाला परीक्षणमा दोस्रो पटक पनि फेल भयो भने भारतमै त्यो नष्ट गर्नुपर्ने जस्ता नेपाली उद्योगहरूका लागि अत्यन्त अव्यावहारिक व्यवस्था भारतले एसओपीको नाममा लागू गर्‍यो।

उक्त निर्देशिका कडाइका साथ लागू भएमा सम्भवतः नेपाली चिया उद्योगहरू नै सदाका लागि बन्द गर्नुपर्ने परिस्थिति बन्न सक्थ्यो।

नेपाली चिया उद्योगीसँग दुइटा विकल्प हुन सक्थ्यो कि, नेपाली चियालाई भारत बाहेक सार्कका अन्य राष्ट्रहरू वा युरोप, अमेरिका लगायत तेस्रो मुलुकका बजारमा लैजाने या उद्योग नै बन्द गर्ने।

सन् २०२६ मे १ देखि नयाँ व्यवस्था लागू भएपछि नेपाली चिया निर्यातमा प्रत्यक्ष असर देखिन थाल्यो। झापा-पानीट्यांकी मार्ग हुँदै भारत प्रवेश गरेका धेरै खेप परीक्षणको प्रतीक्षामा रोकिए। गोदाममा चिया थन्किन थाल्यो। निर्यात ढिलो भयो र उद्योगीहरूको लागत उल्लेखनीय रूपमा बढ्न गयो।

नेपाल सरकार, निजी क्षेत्र तथा चिया उद्योगको पहलपछि भारतीय चिया बोर्डले सन् २०२६ मेमा दोस्रो संशोधन जारी गरी सबै खेपमा शतप्रतिशत परीक्षण गर्ने व्यवस्था हटाएर जोखिममा आधारित तथा नमुना परीक्षण प्रणाली लागू गर्‍यो। यसले निर्यात केही सहज बनाए पनि भारतीय नियामकीय व्यवस्थाले नेपाली चियामाथि दबाब कायम राखेको उद्योगीहरूको भनाइ छ। हाम्रो अहिलेसम्मको चिया निर्यातको अवस्था हेर्दा अधिकांश उत्पादन भारतनिर्भर नै पाइन्छ। केही उद्योगहरूले आफ्नै पहलमा चीन लगायत अमेरिका र युरोपेली बजारमा पनि निर्यात गरेको पाइन्छ, तर त्यसको मात्रा कम छ।

विगतदेखिका सबै घटनाक्रम हेर्ने हो भने, भारतीय पक्षबाट अहिले चिया निर्यातमा दिएका केही सहुलियतका सुविधा स्थायी रहिरहला भन्न सक्ने अवस्था छैन। कुनै पनि समयमा पुनः यो समस्या नदोहोरिएला भन्न सकिँदैन।

पछिल्लो पटक, भारतीय स्ट्यान्डर्ड (बिआइएस) को नयाँ अनुमति र अनुमति लिएका नेपाली उद्योगहरूको बिआइएस नवीकरणमा पनि समस्या खडा भइरहेको समाचारमा आएका छन्। यसबाट भारतमा निर्यात गरिरहेका सिमेन्ट, स्यानिटरी प्याड, प्लाइउड लगायत उत्पादनहरूको निर्यातमा टड्कारो समस्या आउँदै छ। त्यसैगरी संरक्षणात्मक भन्सार महसुल (सेफगार्ड ड्युटी) लगाएपछि हाम्रा फलाम तथा स्टिल निर्यातमा पनि समस्या भइरहेको छ।

हाम्रा उद्योगमा अब यही समस्या बारम्बार आइरहने र हाम्रा उद्योगधन्दा पीडित भइरहने चरणबाट हामी पार हुनैपर्छ। यसका लागि सरकारले चिया लगायत हाम्रा निर्यात सम्भाव्यता भएका अन्य उत्पादन समेतका लागि तेस्रो मुलुकको बजार खोज्नैपर्छ। भारतीय बजारमै पनि हाम्रा उत्पादन निर्वाध निर्यात गर्ने विश्वासिलो वातावरण बनाउन सरकारले भारतीय सरकारसँग गम्भीर रूपमा कुरा राख्नुपर्छ।

जस्तो नेपाल र भारतका गुणस्तर परीक्षण निकायबीच यसअघि नै 'म्युचुअल रिकग्निसन एग्रिमेन्ट' (एमआरए) भएको थियो। सोही समझदारी अनुसार नेपालका प्रयोगशालाले परीक्षण गरेका डेढ दर्जनभन्दा बढी वस्तुलाई भारतले मान्यता दिने सहमति भएको थियो, तर त्यो पूर्ण रूपमा कार्यान्वयनमा आएन।

यदि म्युचुअल रिकग्निसन एग्रिमेन्ट कार्यान्वयन भएको भए चिया निर्यात रोकिएर उद्योगहरू नै बन्द गर्नुपर्ने अवस्था कदापि आउने थिएन। दुई देशका सरकारबीच विभिन्न समयमा भएका औपचारिक वार्ता र ती वार्तामा भएका सहमतिहरूको पालनामा हामीले भारतलाई कूटनीतिक चातुर्यमार्फत मनाउन सक्नुपर्छ।

अर्को, हाम्रो निजी क्षेत्रले प्रयोगशालाहरूको गुणस्तर अभिवृद्धि र अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला स्थापना गर्न बारम्बार कराउँदै आए, तर सरोकारवाला निकायहरूले नजरअन्दाज गर्दाको परिणाम आज देशले भोगिरहेको छ।

नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको ल्याब विश्वस्तरको बनाउन सरकारको गम्भीरता र प्रतिबद्धता यति बेला निजी क्षेत्रले खोजिरहेको छ।

*साभार: सेतोपाटीडटकम*

# व्यापार घाटा घटाउन सरकारको नयाँ कार्ययोजना




दैनिक समाचारदाता
काठमाडौं ३२ असार । सरकारले बढ्दो व्यापार घाटा न्यूनीकरण तथा स्वदेशी उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले 'व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९' को प्रथम अद्यावधिक (२०८३) स्वीकृत गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पारेको अद्यावधिक कार्ययोजनाले आगामी पाँच वर्षभित्र वस्तु तथा सेवाको निर्यातलाई कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को २० प्रतिशत पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य लिएको छ।

आर्थिक वर्ष २०७८/७९ लाई आधार वर्ष मानिएको कार्ययोजनाअनुसार त्यसबेला जीडीपीमा निर्यातको हिस्सा ६.३ प्रतिशत मात्र थियो। आयातमा अत्यधिक निर्भरता र त्यसले विदेशी मुद्रा सञ्चितिमा पर्ने दबाबलाई दृष्टिगत गर्दै सरकारले एकीकृत रणनीति अघि सारेको हो।

नेपाल अतिकम विकसित मुलुक (एलडीसी) बाट विकासशील मुलुकमा स्तरोन्नति भएपछि अन्तर्राष्ट्रिय बजारमा गुम्न सक्ने व्यापारिक सहुलियतको असर कम गर्न प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने नीति कार्ययोजनाको मुख्य आधार बनाइएको छ। यसका लागि निजी क्षेत्रको नेतृत्वमा सञ्चालन भइरहेका 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई सहयोग गर्दै स्वदेशी उत्पादन र उपभोग बढाइने उल्लेख गरिएको छ।

कार्ययोजनाले आगामी तीन वर्षभित्र कृषि तथा पशुजन्य वस्तुको आयात ३० प्रतिशतले प्रतिस्थापन गर्ने लक्ष्य पनि राखेको छ। चिया, कफी, अलैंची, अदुवा तथा बहुमूल्य जडीबुटी जस्ता तुलनात्मक लाभ भएका वस्तुको व्यावसायिक उत्पादन विस्तार गर्न विशेष कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

पेट्रोलियम पदार्थको आयातमा निर्भरता घटाउन ऊर्जा रूपान्तरणलाई प्राथमिकता दिइएको छ। विद्युतीय सवारीसाधन, विद्युतीय घरायसी उपकरण तथा उद्योगमा कोइलाको सट्टा विद्युत् प्रयोगलाई प्रोत्साहन गर्न भन्सार तथा महसुलमा सहुलियत दिने व्यवस्था गरिनेछ।

यसैगरी, स्वदेशमै हरित हाइड्रोजन (ग्रिन हाइड्रोजन) र रासायनिक मल उद्योग स्थापना गर्ने तथा दोधारा-चाँदनी र भैरहवामा एकीकृत जाँच चौकी (आईसीपी) तथा कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणलाई निर्धारित समयमै सम्पन्न गर्ने लक्ष्य पनि कार्ययोजनामा समेटिएको छ।

खुला सीमाका कारण हुने अवैध व्यापार, भन्सार छली तथा वित्तीय अपराध नियन्त्रणका लागि सीमा क्षेत्रमा सुरक्षा निगरानी थप सुदृढ गरिने भएको छ। हुन्डी कारोबार, क्रिप्टोकरेन्सी, न्यून बिजकीकरण र साइबर अपराध नियन्त्रणका लागि अर्थ मन्त्रालय, गृह मन्त्रालय तथा नेपाल राष्ट्र बैंकलाई विशेष जिम्मेवारी तोकिएको छ।

नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न विदेशस्थित नेपाली कूटनीतिक नियोगलाई 'आर्थिक कूटनीति'मार्फत सक्रिय रूपमा परिचालन गर्ने व्यवस्था पनि कार्ययोजनामा समावेश गरिएको छ।

सरकारले व्यापार घाटा न्यूनीकरणलाई एक मन्त्रालयको मात्र जिम्मेवारी नभई समग्र सरकारी प्रयासको विषयका रूपमा लिँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयदेखि अर्थ, परराष्ट्र, कृषि, ऊर्जा र गृह मन्त्रालयसम्मलाई स्पष्ट जिम्मेवारी र समयसीमा तोकेको छ।

कार्ययोजनाअनुसार सम्बन्धित सबै मन्त्रालय तथा निकायले आफ्ना वार्षिक नीति, कार्यक्रम र बजेटमा यसका कार्यक्रम अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। कार्यान्वयनको प्रगति समीक्षा भने प्रधानमन्त्रीको अध्यक्षतामा रहने राष्ट्रिय विकास समस्या समाधान समिति तथा केन्द्रीय अनुगमन समितिबाट गरिने व्यवस्था गरिएको छ।

# वीरगञ्जमा गहवामाईको चौथो रथयात्रा सम्पन्न



दैनिक समाचारदाता
पर्सा, ३२ असार । वीरगञ्जस्थित प्रसिद्ध शक्तिपीठ गहवामाई मन्दिरको चौथो रथयात्रा बिहीबार हजारौँ श्रद्धालु भक्तजनको सहभागितामा भव्य रूपमा सम्पन्न भएको छ।

श्रद्धा, भक्ति र उत्साहका साथ निकालिएको रथयात्रा गहवामाई मन्दिर परिसरबाट सुरु भई घण्टाघर, रेलवे रोडको भित्री बाइपास हुँदै छपकैया पुगेको थियो। त्यहाँबाट मुख्य सडक, मकालु होटल चोक, आदर्शनगर र घडिअर्वा पोखरीको एक नम्बर गेट हुँदै पुनः माईस्थान मन्दिर परिसरमा पुगेर यात्रा सम्पन्न भएको हो।

वर्षमा एकपटक आयोजना हुने यो रथयात्रा विगत चार वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको छ। यस वर्ष बिहानैदेखि वर्षा भइरहे पनि श्रद्धालुको उत्साहमा कमी नआएको आयोजकले जनाएको छ।

गहवामाई तीर्थ क्षेत्र विकास समितिअन्तर्गत गठित गहवामाई रथयात्रा-२०८३ का संयोजक बसन्तकुमार गुप्ताका अनुसार बिहान ७:३० बजे सुरु गर्ने तयारी गरिएको रथयात्रा वर्षाका कारण केही ढिलो गरी निकालिएको थियो। उनले प्रतिकूल मौसमका बाबजुद पनि उल्लेख्य संख्यामा श्रद्धालुको सहभागितामा नगरका विभिन्न भागको परिक्रमा गराउँदै रथलाई पुनः मन्दिर परिसरमा ल्याइएको बताए। मुख्य सडक विस्तारका क्रममा सडक किनारका संरचना भत्काइएकाले केही असहजता भए पनि रथयात्रा व्यवस्थित रूपमा सम्पन्न भएको उनले जानकारी दिए।

गहवामाई तीर्थ क्षेत्र विकास समितिका अध्यक्ष श्यामकुमार पोखरेलले प्रतिकूल मौसमका कारण हेलिकप्टरमार्फत गर्ने भनिएको पुष्पवृष्टि कार्यक्रम रद्द गर्नुपरेको बताए।

उनका अनुसार काठमाडौंबाट हेलिकप्टर आउन नसके पनि एक लाखभन्दा बढी श्रद्धालु भक्तजन रथयात्रामा सहभागी भएका थिए। उनले महिलाको सहभागिता उल्लेखनीय रहेको र साँझ ६ बजेदेखि आयोजना हुने सन्ध्या भजन पनि भव्य रूपमा सम्पन्न हुने बताए।

रथयात्रालाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र ट्राफिक प्रहरीले विशेष सुरक्षा व्यवस्था मिलाएका थिए। रथयात्रा मार्गभर सुरक्षाकर्मी परिचालन गरिनुका साथै सादा पोशाकमा पनि प्रहरी परिचालन गरिएको थियो। ट्राफिक व्यवस्थापनका लागि विभिन्न स्थानमा वैकल्पिक मार्गको व्यवस्था गरिएको थियो।

यस्तै, माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र साहका अनुसार गहवामाई मन्दिरमा बिहीबार १४औं वार्षिक पूजा-अर्चना कार्यक्रम पनि आयोजना गरिएको छ। बिहान ८ बजेदेखि सुरु भएको पूजा दिउँसो विश्रामपछि पुनः सञ्चालन गरी हवन सम्पन्न गरिने तथा साँझ ६ बजे आरती र त्यसपछि प्रसाद वितरण गरिने कार्यक्रम तय गरिएको छ।

पछिल्ला केही वर्षयता धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा स्थापित हुँदै आएको गहवामाई रथयात्राले धार्मिक सद्भाव, सामाजिक एकता र सांस्कृतिक परम्पराको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको आयोजकको दाबी छ।

# मोटरसाइकलमा शव बोकेर भाग्दै गरेका भारतीय पक्राउ

दैनिक समाचारदाता
सप्तरी, ३२ असार । सप्तरी प्रहरीले मोटरसाइकलमा बालकको शव बोकेर भाग्दै गरेका एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। घटनामा संलग्न अर्का एक व्यक्ति भने फरार रहेका छन्।

पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुवनी जिल्लाको खुटौना पिपराही निवासी २८ वर्षीय मो. सादर नट रहेका छन्। उनलाई बुधबार साँझ प्रहरीले नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार प्रारम्भिक अनुसन्धानबाट शम्भुनाथ नगरपालिका-६ कठौना बजारमा मोटरसाइकलको ठक्करबाट एक किशोरको मृत्यु भएपछि शव मोटरसाइकलमा राखेर भागेको देखिएको छ।

दुर्घटनामा मृत्यु हुनेमा शम्भुनाथ नगरपालिका-५ मोहनपुर निवासी १४ वर्षीय मो. सादिक रहेका छन्।

प्रहरीका अनुसार घटना केवल सडक दुर्घटना हो वा यसमा अन्य आपराधिक पक्षसमेत जोडिएको छ भन्ने विषयमा विस्तृत अनुसन्धान भइरहेको छ।

बुधबार साँझ करिब ७ बजे प्रहरी चौकी बिसनपुरबाट प्रहरी सहायक निरीक्षक हरेन्द्र यादवको नेतृत्वमा खटिएको टोलीले बिसनपुर-बोदेबरसाइन सडकखण्डमा शङ्कास्पद अवस्थामा मोटरसाइकल देखेपछि पछ्याएको थियो।

प्रहरीका अनुसार बीआर-३२ बी-९७६४ नम्बरको अपाचे मोटरसाइकलमा सवार दुई जनाले दुर्घटनास्थलबाट करिब ११ किलोमिटर पश्चिम-दक्षिणतर्फ बोदेबरसाइन नगरपालिका-२ हुँदै खडक नगरपालिका-१ स्थित दिनाभद्री थान क्षेत्र नजिक शव फालेर फरार हुने प्रयास गरेका थिए।

स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले मो. सादर नटलाई घटनास्थलबाटै पक्राउ गरेको हो। फरार रहेका अर्का व्यक्तिको खोजी भइरहेको तथा घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# पौडेललाई साढे ८ वर्ष कैद



दैनिक समाचारदाता
काठमाडौं, ३२ असार । विशेष अदालतले नेपाल टेलिकमका पूर्व प्रबन्ध निर्देशक सुनिल पौडेललाई घुस लिएको अभियोगमा आठ वर्ष छ महिनाको कैद सजाय सुनाएको छ। विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्य हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले व्यवसायी दिपक आनन्दसँग घुस मागी लिएको अभियोगमा पौडेललाई आठ वर्ष कैद सजाय सुनाएको हो।

अदालतले घुस दिएको अभियोगमा व्यवसायी दिपक आनन्दलाई पनि आठ वर्ष कैद सजाय सुनाएको छ। साथै नेपाल सरकारको विशिष्ट तहको पदमा रही भ्रष्टाचार गरेको ठहर गर्दै पौडेललाई थप छ महिनाको कैद सजायसमेत तोकेको छ। घुसस्वरूप लिएको भनिएको रकम बरामद नभएको आधारमा अदालतले बिगो कायम गरेको छैन। तर, घुसको रकम तीन करोड आठ लाख रुपैयाँलाई दामासाहीका आधारमा विभाजन गर्दै दुवैलाई जनही एक करोड ५४ लाख रुपैयाँ जरिवाना गर्ने फैसला गरेको छ।




विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५ | जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८३ साउन १ गते शुक्रवार [17 July 2026] | समाचार दैनिक जनकपुर

# प्रदेश सरकारमा जान नेकपाका तीन सर्त

दैनिक समाचारदाता
काठमाडौं ३२ असार । अधिकांश प्रदेशमा सरकार परिवर्तनको गृहकार्य तीव्र बनेसँगै नयाँ राजनीतिक समीकरणको चर्चा चुलिएको छ। नेपाली कांग्रेस र नेकपा (एमाले)बीच गठबन्धनका आधारमा बनेका प्रदेश सरकारहरू फेरबदलको तयारीमा रहेका बेला कुन दलबीच नयाँ गठबन्धन बन्ने भन्ने अझै स्पष्ट भएको छैन।
यही राजनीतिक अन्योलका बीच नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले प्रदेश सरकारमा सहभागी हुन तीन सर्त अघि सारेको छ। दुई वर्षअघि कांग्रेस र एमालेबीच भएको आलोपालो नेतृत्वको सहमति कार्यान्वयन नभएपछि नेकपाले ससर्त सरकारमा सहभागी हुने संकेत दिएको हो।
यद्यपि, प्रदेश सरकारमा सहभागी हुने वा नहुने विषयमा नेकपाले हालसम्म औपचारिक निर्णय गरिसकेको छैन। पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' श्रीलंकाबाट स्वदेश फर्किएपछि यसबारे निर्णय हुने उनको सचिवालयले जनाएको छ। प्रचण्डका स्वकीय सचिव गोविन्द आचार्यले सरकार गठनबारे पार्टीले कुनै निर्णय नगरेको स्पष्ट पार्दै अहिले 'पर्ख र हेर'को अवस्थामा रहेको बताए।



प्रचण्ड दक्षिण एसियाली क्षेत्रीय कार्यक्रममा सहभागी हुन बुधबार श्रीलंका गएका हुन्। तीनदिने भ्रमणपछि स्वदेश फर्किएर पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने तयारी रहेको आचार्यले बताए।
उनले भने, "प्रदेश सरकारमा सहभागी हुने विषयमा पार्टीले औपचारिक निर्णय गरेको छैन। सरकार बनाउनकै लागि तानातान गर्ने पक्षमा हामी छैनौं। सहमतिका आधारमा सरकार बन्ने अवस्था आए मात्रै नेकपा सरकारमा सहभागी हुन्छ।"

***नेकपाका तीन सर्त***

आचार्यका अनुसार प्रदेश सरकार गठनका लागि नेकपाले तीन सर्त अघि सारेको छ।
पहिलो, सातै प्रदेशमा कांग्रेस, एमाले, नेकपा र मधेशी दलहरूको सहभागितामा सहमतिका आधारमा सरकार गठन हुनुपर्ने।
दोस्रो, कांग्रेस-एमालेबीच भएको आलोपालो नेतृत्वको सहमति औपचारिक रूपमा अन्त्य भएको घोषणा भएपछि मात्र नेकपाले आवश्यक निर्णय गर्ने।
तेस्रो, कुनै प्रदेशमा सरकार गठन हुन नसक्ने अवस्था सिर्जना भए सम्बन्धित प्रदेश समितिलाई आवश्यक निर्णय गर्ने अधिकार दिने, तर केन्द्रबाट हस्तक्षेप नगर्ने।
आचार्यले थपे, "हामी सरकार बनाउने वा भत्काउने पक्षमा छैनौं। सहमतिका आधारमा सानो मन्त्रिपरिषद् गठन गरी सुशासन कायम गर्ने प्रतिबद्धता भए मात्रै सरकारमा सहभागी हुन्छौं।"
पार्टीका प्रचार विभाग प्रमुख तथा प्रवक्ता प्रकाश ज्वालाले पनि सहमतिको सरकार बनेमा मात्रै नेकपा गठबन्धनमा सहभागी हुने बताए।
उनले भने, "कांग्रेस र एमालेको गठबन्धन भंग भएको आधिकारिक घोषणा भएको छैन। हामी सरकार बनाउने वा गिराउने पक्षमा छैनौं। सरकार नै बन्न नसक्ने अवस्था आएमा आवश्यक निर्णय गर्न सकिन्छ, तर हाम्रो प्राथमिकता सहमतिको सरकार हो।"ज्वालाका अनुसार कांग्रेस वा एमालेलाई समर्थन गरेर सरकार गठन गराउने पक्षमा नेकपा छैन।
२०८१ असार १७ गते कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच केन्द्र र प्रदेशमा आलोपालो नेतृत्व गर्ने सहमति भएको थियो। उक्त सहमतिअनुसार प्रदेश सरकार फेरबदल गर्ने समयसीमा बुधबार सकिएको छ। कांग्रेसका एक पदाधिकारीले एमालेले आफू नेतृत्वका सरकारलाई असहयोग गरेको आरोप लगाएका छन्।
विशेषगरी सुदूरपश्चिम प्रदेशमा बजेट पारित गर्ने क्रममा एमालेका मन्त्रीहरूले सहयोग नगरेपछि मुख्यमन्त्री कमलबहादुर शाहले उनीहरूलाई बर्खास्त गरेका थिए। त्यसपछि एमालेले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरेको छ।
प्रदेश सरकार गठनमा निर्णायक मानिएको नेकपाले राखेका सर्तबारे भने कांग्रेस र एमालेले हालसम्म औपचारिक प्रतिक्रिया दिएका छैनन्।

# प्रधानमन्त्री बालेन र लिङ्देनबीच भेटवार्ता





दैनिक समाचारदाता
काठमाडौं ३२ असार । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनबीच बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भेटवार्ता भएको छ।
प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा समसामयिक राजनीतिक घटनाक्रम, मुलुकको पछिल्लो राजनीतिक अवस्था तथा आपसी हितका विविध विषयमा छलफल भएको छ।
भेटवार्तामा राप्रपा अध्यक्ष लिङ्देनसँगै पार्टीका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङ तथा केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य खुस्बु ओली पनि सहभागी थिए।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुयाउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
-- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं ।

*कृषि पेशाप्रति सम्मान र गौरव गरौं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# सिरहामा ब्राउन सुगर र कटुवा पेस्तोलसहित दुई पक्राउ

दैनिक समाचारदाता
जनकपुरधाम, ३२ असार । सिरहामा प्रहरीले छुट्टाछुट्टै कारबाही गर्दै ब्राउन सुगर जस्तो देखिने लागूऔषध तथा कटुवा पेस्तोल र गोलीसहित दुई जनालाई पक्राउ गरेको छ। दुवै घटनामा पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।






पहिलो घटनामा बुधबार साँझ इलाका प्रहरी कार्यालय माडरबाट खटिएको प्रहरी टोलीले सिरहा नगरपालिका-१७ क्षेत्रमा गस्तीका क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेका सिन्धुलीको कमलामाई नगरपालिका-६ निवासी ४४ वर्षीय महेशकुमार थापामाथि शङ्का लागेपछि शरीर खानतलासी गरेको थियो।
खानतलासीका क्रममा उनको पाइन्टको बायाँ खल्तीबाट प्लास्टिकबाहेक करिब ९ ग्राम ब्राउन सुगर जस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ। उनलाई नियन्त्रणमा लिई लागूऔषध सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ।
यस्तै, बिहीबार बिहान विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको टोलीले सिरहा नगरपालिका-७ अन्तर्गत हुलाकी सडकको भित्री बाटो हुँदै सिरहा बजारतर्फ आउँदै गरेको भारतीय नम्बर प्लेट बीआर-०७ एजी ४२१५ नम्बरको मोटरसाइकल रोकी जाँच गरेको थियो। जाँचका क्रममा मोटरसाइकलको ह्यान्डलमा झुन्ड्याइएको नाइलनको झोलाभित्र आलु, प्याज तथा अन्य तरकारीबीच लुकाएर राखिएको अवस्थामा एक थान कटुवा पेस्तोल र दुई राउन्ड गोली फेला परेको प्रहरीले जनाएको छ। घटनामा भारतको बिहार राज्य, मधुवनी जिल्ला, रामनगर ग्राम पञ्चायत-पटबारा-८ सहर्वा निवासी २६ वर्षीय रोशनकुमार यादवलाई हतियार र मोटरसाइकलसहित पक्राउ गरिएको छ।
जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार दुवै घटनामा पक्राउ परेका व्यक्तिलाई हिरासतमा राखी लागूऔषध तथा अवैध हतियार सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ।



यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२



अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४